

हाम्रो आत्मिक शक्ति कहाँबाट चुहिन्छ ?

हाम्रो आत्मिक शक्ति कहाँबाट चुहिन्छ ?

हामी आत्मामा भरपूर, प्रभु र उहाँको शक्तिमा बलवान् हुनुपर्छ । अनि कहिलेकाहीं हामी प्रभुको दयाले यस्तै हुन्छौं पनि । तर अरू बेलामा, प्रायः हामी सधैं हावा फुस्केको फुटबलजस्तै, चाउरी परेको स्याउ/आइफल, रस नभएको खोक्रो सुन्तलाजस्तै हुन्छौं; किनभने हाम्रो आत्मिक शक्ति कतैबाट चुहिरहेको हुन्छ, अँ, आत्माको शक्ति कुनै प्वाल वा छेड़बाट निस्केको हुन्छ । यसले गर्दा हामी बलियो इसाई, बलवान् गवाही हुन सक्दैनौं । हो, हामी निरन्तर संघर्ष गरि-रहेका हुन्छौं, तर विजय हाम्रो हुँदैन । तब शक्तिहीन भई हामी निराश भएर बस्छौं, र यसको कारण के होला त नि भनेर अलमल्ल परेका हुन्छौं । यसकारण आउनुहोस्, हामी सँगै मिलेर आज आफ्नो आत्मिक जीवनमा शक्ति कहाँबाट घटेर गएको र हरण भएको हो, त्यसका कारणहरू पत्ता लगाऔं ।

क) *उपदेशक १०:१८ : 'धेरै अल्छीपनाले गर्दा घरको धूरी मकिएर झर्छ; अनि हात बाँधेर बसेको सुस्तीले गर्दा घरको छाना चुहिन्छ ।'*

हाम्रो आत्मिक जीवनबाट बल घटेको त्यसको प्रथम कारण हाम्रो लापरबाही हो । हामीले आत्मिक कुरामा चासो लिँदैनौं, हामी मनताता

इसाई हुन्छौं । हामीलाई बाइबल पढ्न अल्छी लाग्छ; तर परमेश्वरको वचन हाम्रो दैनिक भोजन र खुराक हुनुपर्छ । हामीलाई समय निकालेर प्रार्थनामा बस्ने इच्छा हुँदैन । हामी मण्डलीमा जानु नपरोस् भन्ने हेतुले किसिम-किसिमका बहानाहरू निकाल्छौं । आफ्नो गल्ती पक्रिराख्नुहोस्, र आफ्नो जीवन सुधार गर्नुहोस् ! किनभने वैज्ञानिक-हरूको भनाइ छ, कि छ हप्ताभित्र मानिसले आफ्नो जीवनमा एउटा नयाँ आदत बसाल्न सक्छ । यसकारण छ हप्तासम्म जोश देखाउनुहोस्, आत्मिक परिश्रम गर्ने अभ्यास गर्नुहोस्, र त्यसको नतिजा के हुने हो, सो जाँचेर हेर्नुहोस् ! सबै कुराहरू एकैपल्टमा सुधार्ने र परिवर्तन गर्ने कोशिश नगर्नुहोस् ! तर एउटा कुरापछि अर्को गर्दै आफ्नो जीवन सुधार्नुहोस् ! तर सुध्रिनुहोस् र जोशिलो इसाई बन्नुहोस् !

ख) *हितोपदेश २७:१५: 'झरीवर्षाको दिनमा पानीको कहिल्यै नथामिने तपतप र झगड़ालु स्त्री एउटै हुन् ।'*

दोस्रो कारण आपसी झगड़ा हो, जसरी उक्त पदमा लेखिएको छ । झगड़ा कहिल्यै नथामिने तपतपजस्तै हो । अनि झगड़ाको रोग हाम्रा दिदीबहनीहरूलाई मात्र लागेको छैन है । किनकि हामी सानो कुरामा किचकिच गर्छौं, हाम्रो रिस उठ्छ र हामी बाझ्न थालि-हाल्छौं । यसकारण आजको दिनदेखि हामीबाट सम्भव भए हामी सकेसम्म झैंझगड़ा र मनमुटावबाट अलग बसौं । हामी झगड़ाको निम्ति आफ्नो बल किन खर्च गर्ने ? बरु विनम्र भई हामी आफ्नो बैरीलाई नरम जवाफ दिऔं अनि बुद्धिमान् भएर गाउँ, समाज,

मण्डली र परिवारमा मच्चिने साना-ठूला सबै किसिमका झगड़ा, कलह र होहल्लाबाट अलग बसौं र बाँचौं ।

ग) २ तिमोथी ३:५: *'अन्तिम दिनहरूमा .... भक्तिको भेष धारण त गरेका, तर त्यसको शक्ति इन्कार गर्ने मानिसहरू हुनेछन् ।'*

हाम्रो आत्मिक जीवनमा बल नभएको कारण हाम्रो कपट पनि हो । हामी मुख देखाउने विश्वासी हुनुहुँदैन । हामीले कहिल्यै मानिसहरूलाई खुशी पार्ने काम गर्नुहुँदैन । मण्डलीमा होस् वा समाजमा होस्, हामी जेजस्तो गर्छौं, त्यो हामीले तनमनले गर्नुपर्छ, प्रभुको निम्ति गरेझैं हामीले पूरा लीन भएर गर्नुपर्छ । जसले इसाईको भेष मात्र धारण गरेको छ, जसको भक्ति खोक्रो छ, त्यसको जीवनमा एउटा नराम्रो खमिरले काम गर्छ र उसको जीवन पूरा अमिलो पारेर बिगार्छ (लूका १२:१) । यसकारण कपटदेखि होशियार बसौं ! यो पाप फरिसीहरूलाई मात्र लाग्दैन नै ।

घ) मर्कूस ४:१९: *'तर यस संसारका चिन्ताफिक्रीहरू, धनसम्पत्तिको मोह र अरू चीजहरूका अभिलाषाहरू हृदय-भित्र पस्छन् र वचन निसास्याइदिन्छन्, र त्यो फलहीन बन्छ ।'*

प्रभु येशूले बीउ छर्नेको दृष्टान्त दिनुभयो । त्यस दृष्टान्तमा खास गरी चार किसिमका हृदय भएका मानिसहरूको कुरा गरिएको छ । पहिलो मानिसले सुनेको वचन बुझ्दैन, विश्वास गर्दैन । दोस्रो मानिसले केही समयको निम्ति मात्र विश्वास गर्छ, र पछि हट्छ; अनि चौथो मानिस असल जमिनले जस्तै फल फलाउँछ । तर तेस्रो

मानिसको हृदयमा चिन्ता र फिक्री बसेका छन्, जुन चिन्ता-फिक्रीहरूले उसको विश्वास निस्सासिदिएर नाश पार्छन्। नभए उसको मनमा धोकेबाजी धनको लोभ छ, जुन कुरा सबै खराबी-हरूको मूलजरा हुँदो रहेछ। याद रहोस्ः लाओडिसियाको मण्डलीको भौतिक लाभ र उन्नतिले प्रभु येशूलाई तिनीहरूको सङ्गतिदेखि निकाल्न सक्यो र बाहिर राख्न सक्यो। पैसाको लोभले यत्रो काम गर्छ। हामीले परमेश्वरको सेवा र पैसाको सेवा एकसाथ गर्न सक्दैनौं। पैसाको लोभलालचले हाम्रो मनलाई जित्यो भने, हाम्रो जीवन निष्फल हुन्छ नै। हाम्रो निम्ति तेस्रो खतरा हाम्रो मनबाट उठ्ने किसिम-किसिमका अभिलाषाहरूबाट आउँछ। शैतानले आफ्ना धूर्त युक्तिहरू रच्दाखेरि हाम्रा अभिलाषाहरूमाथि निर्भर गर्छ। आँखाले चाह गरेका कुराहरू धेरै छन्, हाम्रो शरीरले मागेका कुराहरू धेरै छन्, हाम्रो मन फुलाउने कुराहरू कति धेरै छन्!! यसको निम्ति एउटा मात्र उपाय छः हामी आफ्नो मनमा लगाम लगाउने आत्मसंयमी हुनुपर्छ। अनि हामीले प्रभु येशूलाई प्रगाढ़ प्रेमले प्रेम गर्नुपर्छ; सबै कुराहरूले हाम्रो हृदयमा परमेश्वरको प्रेमको निम्ति सम्पूर्ण ठाउँ छोड्नुपर्छ। किनकि उहाँको प्रेमले हामीमा संसारका कुराहरूको निम्ति लागेको तृष्णा र अभिरुचि मेटाइदिन्छ। यसकारण आफ्नो हृदयको रखवाली गर्नुहोस् र परमेश्वरको प्रेमले भरिनुहोस्!

*ङ) **१ तिमोथी १:१९:** 'विश्वास र असल विवेक कायम राख, जुनचाहिँ कतिजनाले आफूबाट पर सारेको हुनाले विश्वासको जहाज डुबाइहाले।'*

अब विवेकको कुरा आयो। यस पदअनुसार हामीसँग प्रभु येशूमाथिको विश्वास हुनुपर्छ, यो अनिवार्य हो; तर हामी आफ्नो विवेकलाई काम गर्न दिँदैनौं भने, त्यो गल्ती हाम्रो निम्ति घातक हुन्छ। प्रेरित पावलले तिमोथीजस्तै शूरवीर विश्वासीलाई चेताउनी दिएर भनेः 'होशियार! असल विवेक कायम राख, नत्र तिम्रो विश्वासको जहाज डुब्छ!' यसकारण असल विवेक भनेको के हो, सो कुरा हामीले सानोदेखि सिक्नुपर्छ, नभए विश्वास गरेको दिनदेखि नै हामीले यो कुरा निश्चय जान्नुपर्छ। हामीले आफ्नो पाप तुरुन्तै मानिलिन सिक्नुपर्छ, र यसमा ढिलो गर्नुहुँदैन। किनकि पाप स्वीकार गरेको मानिसको हृदय फेरि शुद्ध र सफा हुन्छ। यसकारण हाम्रो विवेक जति तीखो भए, हाम्रो निम्ति त्यति राम्रो हुन्छ। हो, हाम्रो विवेक सिद्ध छैन, र गल्ती गर्ला, त्यो हामी मान्छौं, तर परमेश्वरको वचनमा लीन भएको मानिसको विवेक पवित्र आत्माको नियन्त्रणमा आउँछ र हाम्रो उपयोगी यन्त्र बन्छ। तर वचनमाथि ध्यान नदिने र मण्डलीको सङ्गतिमा रुचि नराख्ने अनि आफ्नो पाप स्वीकार नगर्ने भाइबहिनी विश्वासमा बढ्दैन; बढ्ने कुरा छोड़िदिऔं, यस्तो विश्वासी पाप र अन्धकारमा पो डुबिजान्छ।

च) २ पत्रुस १:९: *'तर जससँग यी कुराहरू हुँदैनन्, त्यो मानिस अन्धा हो, जसले टाढ़ासम्म देख्न सक्दैन; अनि त्यसले आफ्ना अघिका पापहरूबाट शुद्ध भएको कुरा पनि बिर्सेको छ।'*

अघि उपदेशकको पुस्तकमा लेखिएको कुरा बिलकुल ठीक थियो। किनभने जसले पूरा यत्नसित आफ्नो विश्वासमा सद्गुण, र

सद्गुणमा ज्ञान र ज्ञानमा संयम, र संयममा धीरज, र धीरजमा भक्ति र भक्तिमा भ्रातृ-प्रेम र भ्रातृ-प्रेममा प्रेम थप्दैन, त्यो मानिस बिस्तारै अन्धा हुँदै जान्छ, उसका आँखामाथि मोतीबिन्दुको जाली आउँछ। त्यो मानिस प्रभु येशूको चित्रे ज्ञानमा अघि बढ्दैन, र निष्फल हुन्छ। त्यो त नजिकको कुरा, सांसारिक थोकहरू मात्र देख्न सक्ने अन्धा मानिस हुन्छ, त्यो एउटा अघिको कुरा भुलिदिने, बिर्सिने मानिस पो हुन्छ; त्यसले मुक्ति पाएको त्यसको अमूल्य अनुभव बिलेर जान्छ, नभन्दै त्यो पनि लोप्त हुन्छ। आत्मिक कुराको बारेमा लापरबाही गर्ने विश्वासीको हालत यस्तै हो।

छ) हितोपदेश ६:९-११: *'हे अल्छे, कहिलेसम्म तँ सुति-रहन्छस्? आफ्नो निद्राबाट तँ कहिले उठ्छस्? अलिकति निद्रा, एकक्षणको झप्की, निदाउन अलिकति हात बँधाइ, तब तिम्रो गरिबी बाटोको लुटेराझैं र तिम्रो घटीकमी हातहतियार भिरेको मान्छेझैं आइलाग्नेछ।'*

यसकारण आत्मिक कुरामा चासो नभएको अल्छीपन र सुस्ती हाम्रो शत्रु हुन्। अलिकति मात्र निदाउँछौं भने एक क्षणको उँगले, एक क्षणको हात बाँधेको बसाइले हाम्रो जीवनमा आत्मिक गरिबी ल्याउँछ। हितोपदेश २४:३०-३४ पदहरूको खण्डमा पनि यही शिक्षा छ। त्यहाँ अल्छे मानिसको बारीबाट भएर गएको बुद्धिमान् व्यक्तिले एउटा असल शिक्षा पायोः किनकि त्यस अल्छे मानिसको बारीमा काँड़ैकाँड़ा थिए; त्यसको सारा बारी काँड़ाले ढाकिएको थियो, अनि त्यस बारीको वरिपरि लगाइएको ढुङ्गाको पर्खाल भत्किएको थियो। यो त त्यस मानिसको एक क्षणको झप्कीको

फल पो थियो। आत्मिक जाँगर नभएको मानिसको हालत यस्तै हो। त्यसले आफ्नो जीवनमा काँड़ाहरू मात्र उमार्छ।

ज) मर्कूस ९:५०: *'नुन असल हो; तर नुनले आफ्नो स्वाद गुमायो भने, तिमीहरूले त्यो केले स्वादिलो पार्नेछौ ? तिमीहरूमा नुन होस्, र आपसमा मेलमिलाप होस् !'*

अन्तमा हाम्रो आत्मिक जीवनबाट बल चुहाइदिने र हरण गर्ने अन्तिम कारण यहाँ पेश गर्छौंः यो हाम्रो विश्वासमा आएको प्रदूषण हो। कुनै अधर्मसँग हाम्रो कुसङ्गतले, अन्धकारका कामहरूमा हाम्रो सहभागिताले, भक्तिहीन, नीच, दुष्ट पापी मानिसहरूको सङ्गति सहेका वा रुचाएका हुनाले, अविश्वासीहरूसँग हाम्रो नाता, हाम्रो आत्मीयता, हाम्रो मित्रता, हाम्रो घनिष्ठता, अँ, हाम्रो व्यापार वा हाम्रो विवाहको सम्बन्ध जोड़िएका हुनाले, अनि मूर्तिहरूबाट पूरा अलग नभएको कारणले हाम्रो विश्वास खल्लो हुन जान्छ नै। (यस सम्बन्धमा २ कोरिन्थी ६:१४-१६ पदहरू पढ़ूनुहोस् !)।

यस प्रकारको प्रदूषणले गर्दा हामीभित्र वास गर्नुभएको पवित्र आत्मा दुःखित हुनुहुन्छ; उहाँ यस सन्तापले पीड़ित हुनुहुन्छ। उहाँको ज्योति हामीमा निभ्छ। हाम्रो हालत यस्तो हो भने हामीले उहाँलाई बन्धनमा राखेका र उहाँलाई कुनामा थुनेका हुन्छौं। तब आत्माको भरपूर, आनन्दले भरपूर, शान्तिले भरपूर भएको कुरा नगरे हुन्छ। किनकि हामी यसको विषयमा केही नजान्ने बिराना हुन्छौं।

यो सबै जानेपछि र हाम्रो कमजोरी पक्रेपछि हामी के गरौं त ? जुन प्वाल, जुन छेड़बाट हाम्रो आत्मिक बल हरण हुन्छ, त्यो चुहिरहेको प्वाल र छेड़ हामी टालौं र ढिलो नगरी छोपौं !

तर तपाईले आफ्नो सुधार आफ्नो शक्तिले मात्र कोशिश नगर्नु-होला । हो, आफ्नो पूरा बल लगाउनुहोस्, तर परमेश्वरको आत्माको सहायता पनि लिनुहोस् ! किनकि *'जब शत्रु बाढ़भैं भित्र आउन खोज्छ, तब परमप्रभुको आत्माले त्यसलाई भाग्ने तुल्याउनुहुन्छ'* (यशैया ५९:१९) ।

यसकारण आफ्नो जीवन सुधार्ने प्रयास गर्दाखेरि प्रभुको शरणमा पर्न नबिर्सनुहोस् ! उहाँको झण्डामनि आउनुहोस्, जसरी भजन ६०:४ पदमा लेखिएको छः *'तपाईंले तपाईंको डर मान्नेहरूलाई एउटा झण्डा दिनुभएको छ, त्यो सत्यताको निम्ति फरफराओस् भनेर ।'* आत्मिक लड़ाइँ लड्न प्रभुको सेना ठूलो छ, र हामीलाई विजय दिन उहाँको शक्ति पनि ठूलो छ । अनि यो पनि याद गरौंः जुन झण्डामनि हामी आएका छौं, त्यो झण्डा प्रेम हो (श्रेष्ठगीत २:४) । हाम्रा प्रभु येशूको प्रेम हामीमाथि छ । यसकारण यस संघर्ष हरेस नखाऔं, तर विश्वासको उत्तम लड़न्त लड़ौं, र मुकुट प्राप्त गरौं ।

शुरुमा हामीले भन्यौंः एउटा नयाँ आदत स्थापित गर्न मानिसलाई छ हप्ता लाग्छ । यसकारण छ, अँ, आठ हप्तासम्म आफ्नो जीवन सुधार्ने कोशिश गर्नुहोस्, तर तपाईंको प्रयास कुनै सीप लाग्दैन भने, तपाईं मण्डलीका अगुवाहरूकहाँ जानुहोला र उहाँहरूबाट सल्लाह लिनुहोला । किनकि *'जहाँ सल्लाह छैन, त्यहाँ मानिसहरू पतित हुन्छन्; तर जहाँ धेरै सल्लाहकार हुन्छन्, त्यहाँ सुरक्षा हुन्छ ।'* सठीक सल्लाहमा सुरक्षा छ, सफलता र विजय पनि छ (हितोपदेश १५:२२, २०:१८ र २४:६) ।

हे प्रभु, पूरा शक्तिले म तपाईंलाई मेरो बल दिन्छु,
र मेरो मनको हर्षअनुसार तपाईंको गीत गाउँछु ।

संसारलाई हृदय दिएर प्रेम हुन्न तपाईंको,
तपाईंको सेवा विनाबल गर्न नसक्ने कुरा हो ।

तपाईंको लागि कुइच्छा न होस् दान मेरो,
न मेरो होस् अल्छे मन, न हृदय अपस्वार्थको ।

हे प्रभु, मलाई लिनुहोस्, म हुन्छु तपाईंको,
तपाईंलाई पूरा प्रेम गर्छु, सम्पूर्ण हृदयको । ।

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई आफ्नो जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्यक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्:

www.nbcinepal.org

